# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ कार्तिक १५ गते

## नेपालको संविधान घोषणा अघि र पछि भएका आन्दोलनको क्रममा मानव अधिकार अवस्था विषयक

## अनुगमन प्रतिवेदन

नेपालको संविधान घोषणा अघि र पछि विभिन्न राजनीतिक दल र समूहहरूबाट सीमाङ्कन लगायतका मागहरू राखी आन्दोलनहरू भए । आन्दोलनहरूको क्रममा राष्ट्रिय मानव अधिकार आयोगले इलाम, धनकुटा, झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, खोटाङ, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, काठमाडौं, ललितपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, बागलुङ, दाङ, बाँके, सुर्खेत, जुम्ला, कालिकोट, बर्दिया र कैलाली जिल्लाहरूमा अनुगमन गरेको थियो । ती-मध्ये १४ जिल्लामा आयोगका सदस्यहरूको नेतृत्वमा उच्चस्तरीय टोलीसमेत खटाइएको थियो । आयोगबाट भएका अनुगमनको आधारमा यो सङ्क्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको हो । सरकार र विभिन्न दल तथा समूहहरूबीचमा भएका विभिन्न सम्झौताहरूको समयमा नै कार्यान्वयन हुन नसक्दा यस प्रकारका आन्दोलनहरू हुने र त्यसबाट अधिकार प्रचलनमा पटक-पटक अवरोध पुग्ने गरको देखिएको छ । यस आन्दोलनबाट नागरिक, व्यक्ति र समुदायका बहुआयामिक अधिकारहरूको उपभोग र प्रचलनमा प्रशस्त अवरोधहरू आएका पाइएको छ । आयोगको अनुगमनबाट प्राप्त प्रमुख तथ्यहरू निम्नबमोजिम रहेका छन् :-

### प्राप्त तथ्यहरू

- नेपालको संविधान घोषणाअघि र पछि विभिन्न राजनीतिक दल र समूहहरूबाट भएका आन्दोलनको क्रममा १८ महिने नाबालकसहित ४९ जनाको जीवनको अधिकार समाप्त भएको छ भने कम्तिमा पनि ७२९ जना नागरिकहरू घाइते भएका ।
- आन्दोलनमा सुरक्षाकर्मीबाट अधिक बलको प्रयोग र आन्दोलनकारीहरूले प्रयोग गरेका घरेलु हतियारबाट यस प्रकृतिका घटनाहरू भएको पाइएको ।
- केही जिल्लाहरूमा पक्राउ परेका व्यक्तिहरू माथि पनि प्रहरी कार्यालयभित्र कुटपीट तथा दुर्व्यवहारका घटनाहरू भएका । आन्दोलनकारीहरूबाट पनि प्रहरीमाथि ढुङ्गा मुढा प्रहार भएको ।
- लामो समय सम्मको कर्फ्यू, दङ्गाग्रस्त क्षेत्रको घोषणा तथा निषेधाज्ञा र आन्दोलनकारीहरूको पूर्व सूचना-विनाको अनिश्चितकालीन र निरन्तर बन्दले नागरिकहरू र व्यवसायीहरूका विना हातहतियार शान्तिपूर्वक भेला हुने, आवतजावत, पेशा, रोजगार, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्न पाउने स्वतन्त्रता प्रभावित भएको ।
- कर्फ्यू लागेको समय र क्षेत्रमा समेत व्यक्तिगत घर, होटलहरू तथा सञ्चार गृहमा तोडफोड भएको ।
- कतिपय आन्दोलित क्षेत्रहरूमा सूचना, सञ्चार, प्रकासन तथा प्रसारणको माध्ययमबाट नागरिकहरूको सुसूचित हुन पाउने अधिकार प्रचलनमा अवरोध भएको । आन्दोलनकारीबाट कतिपय जिल्लामा केही टेलिभिजन तथा पत्रपत्रिकाको वितरण र प्रसारणमा अवरोध पुऱ्याइएको । आन्दोलनको क्रममा विभिन्न सञ्चार गृहहरूका सवारी

साधनमा तोडफोड, आगजनी, एफएम स्टेशनहरू र पत्रपत्रिका प्रकाशन अवरोध पुगेको । सुरक्षाकर्मी र आन्दोलनकारी दुवैतर्फबाट पत्रकार र सञ्चार माध्ययमको नियमित कार्यमा अवरोध पुऱ्याउने कार्य भएको ।

- पत्रकारबाट दुवै पक्षको दबाबको कारण स्वनियन्त्रण (Self-Censorship) मा रहनुपरेको अभिव्यक्ति सार्वजनिक भएको ।
- यस अवधिमा राष्ट्रिय मानव अधिकार आयोगका अनुगमनमा खटिएका कर्मचारीहरूमाथि आन्दोलनकारीबाट जुम्ला र आयोगका कर्मचारीसहित अन्य मानव अधिकारकर्मीहरूमाथि सुरक्षाकर्मी र आन्दोलनकारी दुवै पक्षबाट कुटपीट एवम् दुर्व्यवहार भएको । यस क्रममा कम्तिमा २८ जना मानव अधिकार रक्षकहरू प्रत्यक्ष पीडित भएका । सुर्खेतमा एक जना पत्रकारलाई गोलीसमेत लागेको ।
- आन्दोलनकारी दलहरूका केही नेतृत्व तहमा रहेका व्यक्तिहरूको उक्साहटपूर्ण अभिव्यक्तिको कारण त्रासको वातावरण उत्पन्न भई त्यसबाट सामाजिक सद्भाव भड्काउने र एकअर्काप्रति विद्वेष फैलाउने सम्मका प्रयासहरू भएपनि प्रभावित क्षेत्रका नागरिकहरूको संयमता र सदियौंदेखिको मित्रवत व्यवहारबाट सामाजिक सद्भाव भड्किन नपाएको ।
- प्रतिवेदन अवधिमा युनिसेफले जारी गरेको प्रेस विज्ञप्तिमा पर्सामा १२२ दिनमा केवल पाँच दिनमात्र विद्यालय सञ्चालनमा रहेको देखिएको र कम्तिमा १६ लाख विद्यायार्थीहरू शिक्षाको अधिकारबाट वञ्चित हुन पुगेका । यस कार्यमा शिक्षकहरूको सक्रिय राजनीतिक सहभागिताले पनि सहयोग गरेको आयोगको अनुगमनबाट देखिएको
- गर्भवती महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार नराम्ररी प्रभावित हुन पुगेको । अस्पताल भर्ना भएका बिरामीहरू इन्धन अभावमा खाना र औषधीसमेत प्रयोग गर्न नपाउने अवस्थामा रहेका । अस्पतालमा अत्यावश्क औषधीहरूको समेत अभाव भएको ।
- संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेपाल-भारत सीमा नाका बन्द गर्ने कार्यक्रमबाट दुवैतर्फ हुने आयात-निर्यातमा अवरोध हुँदा अति आवश्यकीय दैनिक उपभोग्य वस्तुहरू सहज रूपमा उपलब्ध नहुँदा उपभोक्ताको मानव अधिकार प्रचलन अवस्था दयनीय हुन पुगेको । यसबाट नेपाली र नेपालमा बसोबास गर्ने अन्य देशका नागरिकहरूसमेत प्रत्यक्षरूपमा प्रभावित भएका । सीमा केन्द्रीत आन्दोलनबाट भारतीय मालवाहक सवारी साधनमा काम गर्ने मजदुहरूसमेत रोजगारी गुम्ने डरले त्रसित देखिएका ।
- उपभोग्य वस्तुहरूको अभावमा नेपालमा मानिने चाडपर्वहरूसमेत प्रभावित भई महङ्गी, कालाबजारी, कृत्रिम अभावबाट ठुलो मानवीय सङ्कट देखापरेको । इन्धन अभावबाट आयोगको अनुगमन तथा अनुसन्धान कार्यसमेत प्रभावित भएको । दैनिक मजदुरी गरी जीवनयापन गर्नुपर्ने समुदायको मानव अधिकार अकल्पनीय रूपमा प्रभावित भएको । नेपालले तेस्रो मुलुकबाट आयत गरेका सामग्रीहरूसमेत आन्दोलनकारीहरूबाट बन्द गरिएका बाहेकका अन्य नाकाहरूबाट पनि सहज रूपमा नेपालतर्फ आयात हुन नसक्दा त्यस्तो कार्यलाई अघोषित नाकाबन्दी भनी अभिव्यक्तिहरू सार्वजनिक भइरहेका ।
- आयोगले आन्दोलनको अनुगमनसँगै सरकार र आन्दोलनकारीलाई आन्दोलन शान्तिपूर्ण बनाउन, आन्दोलनमा अधिक बलको प्रयोग र ज्यादति नगर्न, वार्ता र संवादको माध्ययमबाट समस्याको समाधान गर्न ध्यानाकर्षण तथा निर्देशन दिँदै आएको । यस सन्दर्भमा प्रधानमन्त्रीदेखि क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा प्रमुखहरू र आन्दोलनकारी दलहरूसँग पटकपटक बैठक र छलफल भएको ।
- नेपाल उद्योग वाणिज्य महासङ्घले सार्वजनिक गरेको तथ्यबाट राष्ट्रलाई कम्तिमा १० खर्बको घाटा हुँदा नेपालीहरूको नागरिक तथा राजनीतिक अधिकार मात्र हैन आर्थिक अधिकार समेत नराम्ररी प्रभावित हुने अवस्था बन्दै गएको

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


- आन्दोलन शान्तिपूर्ण नभई हिंसात्मक बन्दा त्यसमा विभिन्न राजनैतिक दलहरू, पेशागत सङ्घ-सङ्गठन, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घ-सङ्गठन र मानव अधिकार तथा मानवीय सहायताको क्षेत्रमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट समेत गम्भीर रूपमा चिन्ता, चासो र सरोकार व्यक्त भएको ।

**आयोगको निष्कर्ष**

- सरकारले पर्याप्त गृहकार्यविना तत्कालीन समस्यालाई मात्र सम्बोधन गर्ने उद्देश्यले आन्दोलनरत पक्ष तथा समूहहरूसँग गरेका सम्झौताहरूको उचित सम्बोधन हुन नसक्दा समान विषयलाई लिएर पुनः आन्दोलन हुने र त्यसबाट सर्वसाधारणहरूको जनजीवन कष्टकर भइ मानव अधिकारको प्रचलनमा पटक–पटक अवरोध हुँदै आएको देखिँदा दुवै पक्षको इमान्दारिताबाट त्यस्ता सम्झौताहरूको कार्यान्वयन सुनिश्चित गरिनुपर्ने ।
- आन्दोलनको सन्दर्भमा व्यक्त भएका विभिन्न पक्षहरूको चिन्ता, चासो र सरोकार एवम् आयोगको अनुगमनबाट शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारको व्यापक रूपमा दुरुपयोग भएको । र यसबाट बहुआयामिक मानव अधिकारको प्रचलनमा अवरोध भई गम्भीर मानवीय सङ्कटसमेत उत्पन्न भएको ।
- सुरक्षाकर्मीहरूको अत्यधिक बल प्रयोग र आन्दोलनकारीहरूले प्रयोग गरेका घरेलु हतियारहरूको प्रयोग तथा अन्य कारणबाट ४९ जना व्यक्तिहरूको जीवनको अधिकार समाप्त भएको । कम्तिमा ७२९ जना व्यक्तिहरू घाइते भएका । आन्दोलनमा प्रहरीबाट ३२, आन्दोलनकारीबाट ९, आन्दोलनकारीहरूबाट मारिएका भनिएका तर उनीहरूले जिम्मा नलिएका ५ र आन्दोलनसँग जोडिएका कारणबाट अन्य ३ जनाको मृत्यु भएको ।
- सुरक्षाकर्मीबाट प्रहार गरिएको गोलीबाट जीवन समाप्त भएका तथा घाइते भएका व्यक्तिहरूलाइ घुँडाभन्दा माथि टाउको, छातिलगायतका क्षेत्रमा देखिएका चोटहरू, गोली प्रहार भएका क्षेत्रहरूको आसपास रहेका घर तथा सटरहरू र नजिक रहेका बिजुलीका खम्बाहरूमा देखिएका गोलीका डोबहरूरुले आन्दोलनमा अधिक बलको प्रयोग भई संयुक्त राष्ट्रसङ्घीय व्यवस्था र स्थानीय प्रशासन ऐन २०२८, आयोगबाट पटक–पटक गराइएको ध्यानाकर्षण तथा निर्देशन र सर्वोच्च अदालतको आदेश को अक्षरशः पालना हुन नसकेको ।
- स्थानीय प्रशासन ऐनमा उल्लेख भएबमोजिमका भीड नियन्त्रण र सुरक्षा सामग्रीहरू प्रहरीलाई न्यूनत्तम रूपमा उपलब्ध हुन नसक्दा, सुरक्षाकर्मीहरू लामो समयसम्म ड्युटीमा खटिनुपर्ने, समयमा नै खाना र पानीको व्यवस्था नहुने, शौचालय समेत जान नपाउने, सुरक्षा कवचका सामग्रीहरू पर्याप्त मात्रामा नहुने र कतिपय स्थानहरूमा सुरक्षाकर्मीहरूको अनुपातमा प्रदर्शनकारीहरूको उपस्थिति अत्यधिकमात्रामा हुँदा पनि अधिक बलको प्रयोग भएको ।
- आन्दोलनको कारण सुरक्षा निकायहरूका कार्यालयहरू ग्रामीण क्षेत्रबाट सदरमुकाम तथा इलाका स्तरीय कार्यालयहरूमा केन्द्रित हुँदा ग्रामीण क्षेत्रमा सुरक्षाकर्मीहरूको उपस्थिति कमी भएकोले सामाजिक अपराधका घटनाहरू वृद्धि भई सामाजिक सुरक्षा चुनौतीपूर्ण बन्दै गएको ।
- आन्दोलनकारी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेपाल-भारत सीमा नाका बन्द गर्ने कार्यले अत्यावश्यक उपभोग्य वस्तुहरू उपभोग गर्न पाउने स्वतन्त्रताहरू कुण्ठित भई गम्भीर मानवीय सङ्कट उत्पन्न हुँदासमेत आन्दोलनकारीबाट सामान्य मानवीय संवेदनशीलता देखाउने कार्य नभएको । सीमाको निषेधित दशगजा क्षेत्रमा केन्द्रित गरेको धर्ना, प्रदर्शनीले शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारको दुरुपयोग भएको ।
- आन्दोलनकारीहरूले अन्तर्राष्ट्रिय मुल्य र मान्यता विपरीत नेपाल भारत सीमाको दशगजा क्षेत्रमा गरेको प्रदर्शन र उनीहरूले भारतीय भूमीसमेतमा गरेको प्रयोगबाट सीमा क्षेत्रमा जोखिम बढ्ने र त्यसबाट दुइ देशबीचको सम्बन्धमा पर्न सक्ने प्रभावको बारेमा संवेदनशीलता प्रकट गर्न नसकेको ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


- केही जिल्लाहरूमा सुरक्षाकर्मीका परिवारलाई घरमा डेरा नदिन तथा डेराबाट हट्न तथा समुदाय विशेषलाई जिल्ला छोड्न भनी जारी भएको मोर्चाको विज्ञप्तिबाट बसोबासको स्वतन्त्रतासमेत प्रभावित हुन सक्ने देखिएको ।
- आन्दोलनकारीहरूबाट केही टेलिभिजनहरूको प्रसारण र पत्रिकाहरू निषेध गर्ने, सञ्चारमाध्यय तोडफोड गर्ने, सञ्चारकर्मीहरूमाथि कुटपीट र दुर्व्यवहार गर्ने, सञ्चार क्षेत्रका सवारी साधनहरूको तोडफोड तथा सुरक्षाकर्मीहरूबाट पत्रकारहरूमाथि कुटपीट गर्ने जस्ता कार्यहरूले सूचना, सञ्चार, प्रेस तथा छापाखानासम्बन्धी अधिकारको प्रचलनमा अवरोध भएको ।
- विद्यालय शान्ति क्षेत्र अभियानसम्बन्धी कार्यक्रमको पालना र सो कार्यमा सक्रिय रहनुपर्ने कतिपय शिक्षकहरू आन्दोलनमा सक्रिय हुँदा मुलुकका नियमित विद्यालय सञ्चालनमा रहेका अन्य जिल्लाहरूका विद्यार्थीहरूसँग आन्दोलनरत क्षेत्रका विद्यार्थीहरूले भविष्यमा हुने हरेक किसिमका शैक्षिक प्रतिस्पर्धामा पछि पर्ने अवस्था उत्पन्न भएको ।
- आन्दोलनको क्रममा गर्भवती महिलाहरू, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक लगायतका बिरामीहरू अस्पतालसम्म पुग्न नसक्ने अवस्था, औषधिको अभाव, अक्सिजनको अभाव, चिकित्सकमाथि भएका दुर्व्यवहारजस्ता तथ्यहरूले स्वास्थ्य उपचारको अधिकार पनि प्रत्यक्ष प्रभावित भएको ।
- नेपाल-भारत सीमाबाट अत्यावश्क सामग्रीहरूको आयातमा पुऱ्याएको अवरोधले ग्याँस, मट्टितेल, औषधीजस्ता आधारभूत वस्तुको आयातसमेत ठप्प हुँदा गम्भीर मानवीय सङ्कट समेत उत्पन्न भई मानवीय संवेदनहीनता उत्पन्न गराएको ।
- मोर्चाको अवरोधका कारण नेपालमा शान्तिसुरक्षा नभएको भन्दै नेपालले तेस्रो मुलुकबाट आयात गरेका सामग्रीहरूसमेत भारतबाट नेपालमा भित्रिन अवरोध हुँदा नेपाली र नेपालभित्र बस्ने विदेशी उपभोक्ताहरूको मानव अधिकारसमेत गम्भीर रूपमा प्रभावित भएको । जसको कारण नेपालको राजश्व सङ्कलनमा ठुलो प्रभाव परी देशमा आर्थिक तथा सामाजिक अधिकार प्रचलन गर्ने, गराउने कार्यमा प्रत्यक्ष प्रभाव परेको ।
- आन्दोलनको कारण नेपालीहरूका परम्परागत साँस्कृतिक चाडपर्वहरू महङ्गी, कालाबजारी, कृत्रिम अभावजस्ता कारणहरूबाट प्रत्यक्ष प्रभावित भई उपभोक्ताहरू र त्यसमा पनि दैनिक मजदुरी गरी जीवन निर्वाह गर्नुपर्ने उपभोक्ताको मानव अधिकार अकल्पनीय रूपमा प्रभावित र कुण्ठित बनाइएको ।
- आन्दोलनको क्रममा भएका घटनाहरूबाट जीवनको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, शान्तिपूर्वक भेला हुन पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकार र अपमानजनक तथा अमानवीय व्यवहारविरुद्धको अधिकार, शिक्षा, स्वास्थ्य, बालबालिकाका अधिकार र समुदायका साँस्कृतिक अधिकार र उपभोक्ताको मानव अधिकार नराम्ररी प्रभावित भएको पाइएको ।

## ५.२ सुझाव तथा सिफारिसहरू

### क) नेपाल सरकार र आन्दोलनरत पक्षहरूलाई

१. मानव अधिकारको सम्मान तथा संरक्षणको लागि नागरिकहरूले अनुभूति गर्ने गरी जिम्मेवारीपूर्वक वार्तामा बसी तत्काल सार्थक वार्ता गरी समाधानसहितको निष्कर्षमा पुग्न ।

२. शान्तिसुरक्षा वा आन्दोलनका नाउँमा नागरिक अधिकारहरूको हनन् एवम् गम्भीर मानवीय सङ्कट उत्पन्न हुने कुनै पनि कार्यहरू नगर्न/नगराउन ।

३. मानव अधिकारकर्मी तथा पत्रकारहरू सुरक्षा निकाय र आन्दोलनकारी दुवैतर्फबाट असुरक्षित भएको पाइँदा त्यस्तो कार्य तत्काल बन्द गरी दोषीमाथि कानुनी कारबाही र उनीहरूले काम गर्न पाउने वातावरणको सुनिश्चितता गर्न ।

४. अनिश्चितकालीन बन्द र नेपाल भारत सीमानामा आयत निर्यातमा भएको अवरोधका कारण महङ्गी, कालाबजारी, कृत्रिम अभावबाट उपभोक्ताहरूको मानव अधिकार प्रचलनमा प्रत्यक्ष असर परी त्यसबाट विशेष गरी दैनिक मजदुरी गरी जीवन गुजारा गर्नुपर्ने समुदाय सबैभन्दा बढी प्रभावित भएको पाइएकोले तत्काल उद्योग, कलकारखाना, पेशा, व्यवसाय, रोजगारी गर्न पाउने अधिकारको सुनिश्चितता गर्न/गराउन ।

५. आन्दोलनको क्रममा आन्दोलनकारी तथा त्यसको विपक्षमा रहेका समूह र ड्युटीमा खटिएका केही सुरक्षाकर्मीहरूबाट सामाजिक सद्भाव भड्काउने किसिमका व्यवहार र अभिव्यक्ति दिएको पाइएकोले त्यस्तो अभिव्यक्ति दिने तथा व्यवहार प्रदर्शन गर्नेहरूको पहिचान गरि तत्काल कानुनबमोजिम कारबाही गर्न ।

६. आन्दोलनरत जिल्लाका विद्यालयहरू तत्काल सञ्चालन गर्न तथा गर्ने/गराउन दुवै पक्ष गम्भीर बन्न ।

**ख) नेपाल सरकारलाई**

७. सुरक्षा निकाय (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल)-बाट अत्यधिक बलको प्रयोग र आन्दोलनकारीबाट घरेलु हतियार प्रयोग गरी आन्दोलनको क्रममा नागरिकहरू मारिएका घटनाहरूमा तत्काल फौज्दारी कानुनबमोजिम अनुसन्धान गरी घटनाहरूमा संलग्न व्यक्ति तथा पदाधिकारीहरूलाई कानुनी कारबाही अगाडि बढाई मृतकका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन ।

८. नेपाल सरकारले मानव अधिकारका विषयमा विभिन्न पक्षसँग गरेका सम्झौताहरूको कार्यान्वयन समयमा नै गरी एउटै कारणबाट पटक-पटक मानव अधिकारको सम्मान र संरक्षणमाअ वरोध आउने अवस्था हुन नदिन ।

९. आन्दोलनको क्रममा कतिपय स्थानहरूमा सुरक्षाको लागि खटिएका प्रहरीबाट अधिक बलको प्रयोग भएको पाइएको सन्दर्भमा यस सम्बन्धमा आयोग, सर्वोच्च अदालत र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले दिएका सुझाव तथा निर्देशन कार्यान्वयन नहुँदा यस्तो घटनाहरू पटक -टक दोहोरिने कार्यहरूको अन्त्य गर्न ।

१०. अनिश्चितकालीन बन्दहड्तालको कारण व्यक्तिहरूको आवतजात गर्न पाउने अधिकारको उल्लङ्घन भई न्यायप्रशासन, शिक्षा र स्वास्थ्य उपचार गर्न गन्तव्य स्थलसम्म पुग्न कठिनाई उत्पन्न भएकोहुँदा तत्काल स्वतन्त्र आवतजावतको व्यवस्था मिलाउन, घाइते तथा बिरामीहरूको शीघ्र र प्रभावकारी उपचारको व्यवस्था मिलाउन

११. आन्दोलनको कारण सुरक्षा निकायहरूका कार्यालयहरू ग्रामीण क्षेत्रबाट सदरमुकाम तथा इलाका स्तरीय कार्यालयहरूमा केन्द्रीत हुँदा ग्रामीण क्षेत्रमा सुरक्षाकर्मीहरूको उपस्थिति कमी भएकोले सामाजिक अपराधका घटनाहरू वृद्धि भई सामाजिक सुरक्षा चुनौतीपूर्ण बन्दै गएको हुँदा ती क्षेत्रमा शान्तिसुरक्षाको व्यवस्था मिलाउन र सो कार्यमा सम्बन्धित सबैले नेपाल प्रहरीलाई सहयोग गर्न ।

१२. सुरक्षाकर्मीहरू लामो समयसम्म ड्युटीमा खटिनुपर्ने, बेलामा खाना र पानीको व्यवस्था नहुने, थकाइ लाग्दा आराम गर्न नपाउने, ढुङ्गामुढा छेक्ने सुरक्षा कवचका सामग्रीहरूको अपर्याप्तता र अभावमा सुरक्षाकर्मीको काममा चुस्तता आउन नसकेको हुँदा सो सम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा स्थानीय प्रशासन ऐनमा उल्लेख भएबमोजिमका आवश्यक सामग्रीहरूको व्यवस्था गर्न ।

१३. आन्दोलनरत जिल्लाका विद्यालयहरू तत्काल सञ्चालन गर्न तथा गर्ने, गराउन र आन्दोलनमा सक्रिय शिक्षकहरूलाई विभागीय कारबाही अगाडि बढाई सो को जानकारी आयोगलाई दिन ।

**ग) आन्दोलनकारी दलहरूलाई**

१४. नेपाल-भारत सीमा नाका तथा प्रमुख सडकहरू बन्द गर्ने कार्यले सीमाबाट आयात निर्यात हुने सामग्रीको ढुवानीमा अवरोध पुग्दा नेपाल-भारत सम्बन्धमा समेत असर पर्ने अवस्था उत्पन्न भई नेपाली नागरिकहरूका आधारभूत अधिकारहरूको उपभोगमा समस्या उत्पन्न हुने देखिँदा त्यसतर्फ गम्भीर बन्दै आन्दोलनको स्वरूप तत्काल परिवर्तन गर्न ।

१५. आन्दोलनकारीहरूबाट लाठी, गुलेली, भाला, बञ्चरो, हँसियाजस्ता घरेलु हतियारहरूको प्रयोग बन्द गरी शान्तिपूर्ण रूपमा आन्दोलन गर्न ।

१६. आन्दोलनकारीहरूले नाका बन्द गर्ने कार्यक्रमअन्तर्गत प्रदर्शन तथा जुलश गर्न नपाइने नेपाल-भारत सिमानाको दसगजा क्षेत्रमा धर्ना बस्ने तथा भारतीय भूमी प्रयोग गरी नेपालतर्फ ढुङ्गामुढा गर्ने गरेका कारण नेपाल-भारत सम्बन्धमा समेत नराम्रो असर पर्न सक्ने अवस्था रहँदा त्यसतर्फ सचेत रही कुटनीतिक मर्यादा र अन्तर्राष्ट्रिय कानुनको पालना गर्न ⁄ गराउन ।

१७. नेपाली नागरिकहरूले आफ्नो परम्पराअनुसार मान्दै आएका साँस्कृतिक चाडपर्वहरू मनाउन पाउने अधिकारको सम्मान गर्न ।

**घ) अन्य**

१८. कुनै पनि राजनीतिक दलका नेताहरू, कार्यकर्ता, प्रहरी प्रशासनका कर्मचारीहरू, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरू, नागरिक अगुवाहरूले सामाजिक विद्वेष, घृणा र दुर्भावना फैलाउने, जातीय र नश्लमा आधारित भौगोलिक र क्षेत्रीय भावनामा आधारित अभिव्यक्ति नदिन र सामाजिक सद्भावलाई उच्च र मर्यादित बनाउन क्रियाशील रहन ।

१९. मानव अधिकार रक्षकहरूले मानव अधिकार रक्षक सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको मार्गनिर्देशिका तथा यससंम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रको पालना गर्न ।

**धन्यवाद !**

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता